संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ह्वयापह्वयाप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा सदनमा पटक पटक कुरा राख्दा पनि सरकारको ध्यानाकर्षण नभएकोले माननीय सांसद संजय कुमार गौतम १५ सुत्रिय माग राखेर गत ३ दिनदेखि जव्दी पुलमुनी आमरण अनशन बस्नु भएको, नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा सरकारले सदनमा जानकारी गराउनु पर्ने र उक्त प्रकरणमा सन्दिग्ध व्यक्तिहरुले भाग्ने मौका पाउन नहुने, त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय र रत्नराज्य क्याम्पसको लापरवाहीले गर्दा ५०० जना परिक्षार्थीको नतिजामा अनुपस्थित देखिएकोले सत्य तथ्य छानविन गरी दोषीलाई कारवाही गर्नु पर्ने, दैलेख जिल्ला आठविस नगरपालिकाको मुल्यबाडा सामुदायिक बनमा भएको आगलागीबाट मृत्यु भएको परिवारलाई राहत प्रदान गर्नुपर्ने साथै घाइतेहरुको निःशुल्क उपचार हुनु पर्ने, सिराहा जिल्लाको सुखिपुर नगरपालिकामा आगलागीमा परि एक घर जलेर नष्ट भएकोले पिडितलाई क्षतिपूर्ति दिनु पर्ने, विद्युतिय गाडी आयात गर्दा लाग्ने कर र उपभोक्ताले पाउने सहुलियत सम्बन्धमा स्पष्ट गरिनु पर्ने, नेपालको विद्यार्थी बुद्धिजिविहरु दक्ष भएर विदेश जानेक्रम रोक्न र उनीहरुको दक्षता नेपालमै प्रयोग गराउन शिक्षा क्षेत्रको बजेटबाट १ अरब बजेट छुट्याउनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री दिपक गिरी
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री माधव सापकोटा
४. मा० श्री दिक्पाल कुमार शाही
५. मा० श्री मनिष झा
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
८. मा० श्री अम्मर बहादुर थापा
९. मा० श्री दिपक बहादुर सिंह

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विर बहादुर बलायर
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० डा० शुनिल कुमार शर्मा
११. मा० श्री शोभा ज्ञावली
१२. मा० श्री सन्तोष चालिसे
१३. मा० श्री सन्तोष परियार
१४. मा० श्री सम्झना थपलिया
१५. मा० श्री सरस्वती वजिमय
१६. मा० श्री सरस्वती सुब्बा
१७. मा० श्री सराज अहमद फारुकी
१८. मा० श्री सरिता भुसाल
१९. मा० श्री सान्ती चौधरी
२०. मा० श्री सिता मिजार
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री सुमना श्रेष्ठ
२३. मा० श्री सुशीला श्रेष्ठ
२४. मा० श्री स्वर्णिम वाग्ले
२५. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२६. मा० श्री सूर्य प्रसाद ढकाल
२७. मा० श्री सोनु मुर्मु
२८. मा० श्री सोबिता गौतम
२९. मा० श्री हर्कमाया विश्वकर्मा
३०. मा० श्री हरि ढकाल
३१. मा० श्री हितराज पाण्डे
३२. मा० श्री हेमराज राई
३३. मा० श्री सिता कुमारी राना
३४. मा० श्री हृदयराम थानी
३५. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३६. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० डा० आरजु राणा
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री नवल किसोर साह सुडी

| | |
|---|---|
| ७. मा० श्री शेर बहादुर कुँवर | १४. मा० श्री श्याम कुमार घिमिरे |
| ८. मा० श्री अब्दुल खान | १५. मा० श्री लिला नाथ श्रेष्ठ |
| ९. मा० श्री अरुण कुमार चौधरी | १६. मा० श्री राजेन्द्र कुमार के.सी. |
| १०. मा० श्री राम प्रकाश चौधरी | १७. मा० श्री ज्वाला कुमारी साह |
| ११. मा० श्री प्रेम सुवाल | १८. मा० श्री प्रतिमा गौतम |
| १२. मा० डा० अमरेश कुमार सिंह | १९. मा० श्री राजेन्द्र बजगाई |
| १३. मा० श्री योगेन्द्र मण्डल | २०. मा० श्री चित्र बहादुर के.सी. |

तदुपरान्त माननीय श्री देवेन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने निम्न लिखित माननीय सदस्यहरुको नामावली सहितको प्रस्तावको माननीय श्री ईश्वरी देवी न्यौपाने र माननीय श्री योगेश कुमार भट्टराईले समर्थन गर्नुभयो ।

| | |
|---|---|
| १. मा० श्री अनिता देवी | ९. मा० श्री रमेश लेखक |
| २. मा० श्री जीवन परियार | १०. मा० श्री रामहरि खतिवडा |
| ३. मा० श्री ध्रुव बहादुर प्रधान | ११. मा० श्री लिलानाथ श्रेष्ठ |
| ४. मा० श्री नागिना यादव | १२. मा० श्री विद्या भट्टराई |
| ५. मा० श्री पूर्णबहादुर घर्ती | १३. मा० श्री सरिता प्रसाई |
| ६. मा० श्री महेश कुमार वर्तौला | १४. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग |
| ७. मा० श्री मेटमणी चौधरी | १५. मा० श्री सोबिता गौतम |
| ८. मा० श्री रन्जु कुमारी झा | १६. मा० श्री हितराज पाण्डे |

त्यसपछि सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिल स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भयो ।

तदुपरान्त सम्माननीय सभामुखले गजेन्द्र बुढाथोकी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी केशव प्रसाद दुलाल समेत भएको ठगी तथा संगठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा माननीय टोप बहादुर रायमाझीलाई मिति २०८०/१/३१ गते राती अन्दाजी ८:२५ बजेको समयमा जिल्ला काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नं. ४ बाट पक्राउ गरि जिल्ला प्रहरी परिसर, टेकुको हिरासतमा राखिएको व्यहोरा नेपालको संविधानको धारा १०३ को उपधारा (६) बमोजिम जिल्ला प्रहरी परिसर, टेकुको च.नं. १२२७३ मिति २०८०/२/१ को पत्रबाट सूचना प्राप्त भएको हुँदा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम २०८० जेठ ४ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्य पुरुषोत्तम बस्नेतको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुग गर्नुहुँदा सर्वसम्मतिले पारित भयो:-

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित सदस्य तथा सामाजिक एवं साहित्य क्षेत्रमा सक्रिय रही ठूलो योगदान पुऱ्याउनु भएका शालिन, सरल र बौद्धिक व्यक्तिको रुपमा परिचित पुरुषोत्तम बस्नेतको ७८ वर्षको उमेरमा मिति २०८० साल वैशाख २९ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत पुरुषोत्तम बस्नेतको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ४ गते बिहिबार बिहान ११:०० बजे बस्नेगरी बैठक साँझ ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव